मिति २०६६।११।२३

# प्रेस विज्ञप्ति

आज मिति २०६६ फगुन २३ गते नेपाल सरकारका प्रवक्ताहरुका लागि "सूचना प्रवाहमा प्रवक्ताहरुको भूमिका" विषयमा एक दिने कार्यशाला गोष्ठी नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानमा सम्पन भयो । सूचना तथा सञ्चार मन्त्री ज्यूले गोष्ठीको उद्घाटन गर्नु भएको थियो । उद्घाटन मन्तव्य दिनु हुदै माननीय मन्त्रीज्यूले छापा, विद्युतीय एवं दुरसञ्चार जस्ता आमसञ्चारका माध्यमको विकास भएको यस परिस्थितिमा सूचना प्राप्त गर्न प्रतिस्पर्धात्मक वातावरण रहेकाले प्रवक्ताको सूचना प्रवाह गर्ने कार्य जटिल वनेको छ भन्नु भयो । पत्रकारहरु राजनीतिक सूचना चाहने, प्रवक्ताहरु राजनीतिक विषयमा वोल्न नचाहने स्थिति रहेकाले प्रवक्ता र पत्रकारवीच विरोधाभास सिर्जना गरेको पाइन्छ भन्नु हुदै माननीय मन्त्रीज्यूले राजनीतिक विषय वाहेक अन्य आर्थिक, सामाजिक, प्रविधि विषयका सूचनाहरु पनि महत्वपूर्ण हुन्छन्  भन्ने वातावरण प्रवक्ताले सिर्जना गर्न सक्नु पर्दछ भन्ने तर्फ जोड दिनु भयो । माननीय मन्त्रीज्यूले सूचना प्रवाहको प्रभावकारिताले सरकारलाई जनताको नजिक पुर्‍याउछ भन्नु हुदै सरकारका नीति, कार्यक्रम, निर्णय तथा कानून कार्यान्वयन गर्न सूचना प्रवाहले जनतामा अपनत्व र स्वामित्व सिर्जना गर्दछ भन्नु भयो । साथै e-governance को स्थापना गर्न प्रवक्ताहरु महत्वपूर्ण आधार हुन भन्नु हुदै प्रवक्ताहरु वीच नेटवर्किङ्ग (Networking) हुनु पर्नेमा माननीय मन्त्रीज्यूले जोड दिनु भयो ।

गोष्ठीको उद्घाटन कार्यक्रममा वोल्नु हुदै सूचना तथा सञ्चार मन्त्रालयका सचिव श्री शुशील घिमीरेज्यूले अहिलेका नागरिकहरु अधिकार प्राप्त छन् भन्नु हुदै जनतालाई नियमित र व्यवस्थितरुपमा संवैधानिक एवं कानूनी व्यवस्था अनुरुप सूचना प्रवाह गर्न सरकारका मन्त्रालय निकायहरुमा प्रवक्ताको व्यवस्था गरिएको छ भन्नु भयो । सूचना प्रवाह प्रक्रियामा सामान्यतया एकरुपता स्थापना गर्नु पर्ने आवश्यकता छ भन्नु हुदै श्रीमान् सचिवज्यूले सरकारले सम्पादन गरेका राम्रा कार्यक्रमहरुको प्रचार प्रसार गरी सरकारप्रति जनतामा रहेको नकारात्मक सोच हटाउन प्रवक्ता सक्रिय हुनुपर्ने तर्फ औंल्याउनु भयो ।

उक्त उद्घाटन कार्यक्रममा नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानका कार्यकारी निर्देशक डा. दिनेश प्रसाद पन्तज्यूले पारदर्शिता सुशासनको आधारस्तभ हो भन्नु हुदै पारदर्शिता कायम गर्न प्रवक्ताको अहम भूमिका हुने विचार व्यक्त गर्नु भएको थियो भने कार्यक्रममा प्रशासकीय अदालतका अध्यक्ष श्री काशीराज दाहालज्यूले "सूचनाको हक सम्बन्धी ऐन कार्यान्यनमा प्रवक्ताको भूमिका" विषयमा र सूचना तथा सञ्चार मन्त्रालयका सह सचिव श्री नारायण प्रसाद रेग्मीज्यूले "सरकारका नीति, कार्यक्रम र निर्णयहरुको प्रभावकारी प्रचार प्रसार" विषयमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो साथै प्रतिष्ठानका वरिष्ठ अध्ययन निर्देशक श्री रामभक्त श्रेष्ठज्यूले कार्यक्रमका प्रमुख अतिथि लगाएत सबै उपस्थित सहभागीहरुलाई धन्यवाद ज्ञापन गर्नु भयो ।